गोसाईकुण्ड गाउँपालिका रसुवा

स्थानीय राजपत्र

खण्डः- ०७   संख्याः- ३   मितिः- २०८०/४/०१

भाग - १


# गोसाईकुण्ड गाउँपालिका
# कर्मचारी कल्याण कोष संचालन (कार्यबिधि), ऐन २०८०

## भाग १

**प्रस्तावना :** गोसाईकुण्ड गाउँ कार्यपालिकामा कार्यरत कर्मचारीहरुका लागि उपदान लगायतका सुविधाहरु उपलव्ध गराउने प्रयोजनका लागि कर्मचारी कल्याण कोषको स्थापना तथा संचालन गर्न वाञ्छनीय भएकोले, स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी गोसाईकुण्ड गाउँपालिका कर्मचारी कल्याण कोष संचालन (कार्यविधि) ऐन, २०८० पारित गरी लागु गरिएको छ ।

परिच्छेद १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यो ऐनको नाम गोसाईकुण्ड गाउँपालिकाको कर्मचारी कल्याण कोष संचालन -कार्यविधि) ऐन २०८०" रहेको छ ।

(२) यो ऐन गोसाईकुण्ड गाउँ कार्यपालिकाको स्थानीय राजपत्रमा प्रकाशित भएको मिति देखि लागु हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को कार्य नलागेमा यस ऐनमा,

(क) "आर्थिक वर्ष" भन्नाले श्रावण एक गते देखि आषाढ मसान्तसम्मको अवधि सम्झनु पर्नेछ।

(ख) "कर्मचारी" भन्नाले गोसाईकुण्ड गाउँ कार्यपालिकाको अन्य सेवाका स्थायी कर्मचारी, सम्झनु पर्छ ।

(ग) “कार्यपालिका” भन्नाले गोसाईकुण्ड गाउँ कार्यपालिका सम्झनु पर्दछ ।

(घ)``कार्यविधि ऐन” भन्नाले गोसाईकुण्ड गाउँपालिकाको कर्मचारी कल्याण कोष संचालन (कार्यविधि) ऐन, २०८० सम्झनु पर्दछ ।

(ङ) “कोष” भन्नाले गोसाईकुण्ड गाउँ कार्यपालिका कर्मचारीहरुलाई उपदान जस्ता सुविधाहरु प्रदान गर्ने प्रयोजनका लागि स्थापना भएको कोष सम्झनु पर्दछ ।

(च) “तोकिए” वा तोकिए वमोजिम'' भन्नाले गोसाईकुण्ड गाउँ कार्यपालिकाले निर्णय गरी समय समयमा तोकिएको वा तोकिए वमोजिम सम्झनु पर्दछ ।

(छ) “गाउँपालिका” भन्नाले गोसाईकुण्ड गाउँ कार्यपालिका सम्झनु पर्दछ ।

(ज) “प्रमुख” भन्नाले गोसाईकुण्ड गाउँ कार्यपालिका प्रमुख सम्झनु पर्दछ ।

(झ) “प्रमुख प्रशासकीय अधिकृत”गोसाईकुण्ड गाउँ कार्यपालिका प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ ।

(ञ) “संघीय” ऐन भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ सम्झनु पर्दछ ।

(ट) “संचालक समिति” भन्नाले कोष संचालनका लागि गठन भएको संचालक समिति सम्झनु पर्दछ ।

(ठ) “सभा” भन्नाले गोसाईकुण्ड गाउँ कार्यपालिकाको सभा सम्झनु पर्दछ ।

## परिच्छेद २
## कल्याण कोष स्थापना, उदेश्य तथा प्रयोग सम्वन्धी व्यवस्था

३. **कल्याण कोषको स्थापना :** (१) गोसाईकुण्ड कर्मचारी कल्याण कोष (संचालन) प्रयोजनका लागि गोसाईकुण्ड गाउँ कार्यपालिकाका कर्मचारी कल्याण कोष नामको एक कोष रहने छ ।

(२) उपदफा (१) वमोजिम स्थापना हुने कोषमा गोसाईकुण्ड गाउँ कार्यपालिकाको विनियोजन गरिएको रकम जम्मा गरिने छ । कोष संचालनका लागि गोसाईकुण्ड गाउँ कार्यपालिकामा कार्यरत अन्य सेवाका स्थायी कर्मचारी, स्थानीय सेवा तर्फका स्थायी, कर्मचारीहरुले पाउने शुरु तलब स्केलको वार्षिक कम्तिमा एक महिना वरावरको रकम गोसाईकुण्ड गाउँ कार्यपालिकावाट उक्त कोषमा जम्मा गरिने छ । एकमुष्ट रकम पनि कोषमा जम्मा गर्न सकिनेछ ।

(३) स्थानीय सेवा र अन्य सेवातर्फका स्थायी प्रकृतिका कर्मचारीहरुको सेवा सुविधा तथा कोषको हकमा संघीय तथा प्रदेश कानुन नवन्दा सम्म यसै ऐन अनुसार हुनेछ ।

(४) माथि उल्लेखित रकम वाहेक उपदफा (१) वमोजिमको कोषमा देहाय वमोजिमको रकम रहनेछ ।

(क) कर्मचारी कल्याण कोषको लागि गोसाईकुण्ड गाउँ कार्यपालिकाले हालसम्म छुट्याएको रकम,

(ख) अन्य निकायवाट गोसाईकुण्ड गाउँ कार्यपालिकाको उक्त कोषलाई प्राप्त रकम,

(ग) कुनै व्यक्ति, संस्था वा निकायद्धारा कोषलाई प्राप्त हुने सहयोग वा अनुदान रकम,

(घ) कोषमा रहेको रकमवाट प्राप्त व्याजरकम,

(ङ) कर्मचारीलाई सुविधा दिने प्रयोजनका लागि गोसाईकुण्ड गाउँ कार्यपालिकाले विनियोजन गरेको अन्य रकम,

(५) उपदफा (२) वमोजिम कोषमा जम्मा भएको रकम संचालक समितिले तोकेको नेपाल सरकारवाट मान्यता प्राप्त वैकंमा "कर्मचारी कल्याण कोष" को नाममा वचत खाता खोली राखिने छ ।

**४. सदस्यता :** (१) गोसाईकुण्ड गाउँ कार्यपालिकाको स्थानीय तह र अन्य सेवातर्फका स्थायी कर्मचारी स्वतः कल्याण कोषको सदस्य हुने छ ।

**५. कोषको उदेश्य :** (१) स्थानीय तह र अन्य सेवाका स्थायी कर्मचारीहरुलाई उपदान सेवा वापत पाउने रकम प्रदान गर्नु कोषको प्रमुख उदेश्य हुनेछ ।

**६. कोषको प्रयोग :** देहाय वमोजिमको कामका लागि कर्मचारी कल्याण कोषको रकम प्रयोग गर्न सकिने छ ।

(क) स्थानीय सेवा र अन्य सेवा तर्फका स्थायी कर्मचारी जुनसुकै तवरले नोकरीवाट अलग भएकोमा उपदान लगायतका सुविधा उपलव्ध गराउन ।

**७. कोषको प्रयोग गर्न नपाईने :** यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायको प्रयोजनका लागि कोषमा जम्मा भएको रकम खर्च गर्न पाईने छैन

(क) नियमित प्रशासनिक कार्यका लागि खर्च गर्न,

(ख) कुनै सरकारी वा गैर सरकारी पदाधिकारी वा कर्मचारीलाई नियमित रुपमा तलब, भत्ता वा अन्य सुविधा उपलव्ध गराउन,

(ग) कुनै सरकारी वा गैर सरकारी पदाधिकारी वा कर्मचारीलाई भ्रमण खर्च वा अन्य त्यस्तै प्रकारको खर्च उपलव्ध गराउन,

(घ) कुनै पनि प्रकारको चन्दा, पुरस्कार, उपहार वा आर्थिक सहायता उपलव्ध गराउन,

(ङ) गोष्ठी, अन्तरकृया वा सभा सम्मेलन संचालन गर्न,

(च) कुनै पनि प्रर्वाधार निर्माणका काम गर्न गराउन,

(छ) कर्मचारी कल्याण वाहेक अन्य कुनै पनि कार्य गराउन,

## परिच्छेद ३

## संचालक समिति गठन र वैठक प्रकिया

**८. संचालक समिति** : (१) कर्मचारी कल्याण कोषको संचालन तथा व्यवस्थापनका लागि एक संचालक समिति रहने छ ।

(२) उपदफा (१) वमोजिम गठन गरिने संचालक समितिमा देहाय वमोजिमका पदाधिकारी रहनेछ ।

(क) गाउँ पालिकाका अध्यक्ष-अध्यक्ष

(ख) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(ग) गोसाईकुण्ड गाउँ कार्यपालिका प्रशासन शाखा प्रमुख - सदस्य

(घ) गोसाईकुण्ड गाउँ कार्यपालिका लेखा शाखा प्रमुख- सदस्य - सचिव

**९. संचालक समितिको वैठक** : (१) वैठकको निर्णय सामान्यतया सर्वसम्मतिवाट गरिने छ । सर्वसम्मति कायम हुन नसकेमा अध्यक्ष समेतको वहुमतको निर्णयलाई संचालक समितिको निर्णय मानिने छ ।

(२) संचालक समितिको वैठकको काम कारवाही तथा निर्णय अध्यक्ष वाहेक अन्य कुनै पद रिक्त वा कुनै सदस्यको अनुपस्थित भएको कारणले मात्र अमान्य हुनै छैन ।

**१० संचालक समितिको काम, कर्तव्य र अधिकार :** (१) वैठकवाट पारित निर्णय कार्यान्वयन गर्ने,

(२) आर्थिक स्रोत जुटाउन प्रयास गर्ने,

(३) कोषको आय वृद्धि गर्ने विविधि कार्यक्रम संचालन गर्ने,

(४) कोष संचालनका नीति तथा कार्यक्रम निर्माण गर्ने,

(५) हरेक आर्थिक वर्षको हर हिसावको लेखापरीक्षण गराउने व्यवस्था मिलाउने,

**११. समितिका सदस्य तथा कर्मचारीको उत्तरदायित्व** : (१) कोष संचालक समितिका सदस्य तथा कर्मचारीले यस ऐनको उदेश्य विपरीत हुने गरी कोषको वितरणमा भेदभाव गर्न वा कोषको दुरुपयोग गर्न पाउने छैन ।

(२) उपदफा (१) को प्रतिकुल हुने गरी काम गरेको प्रमाणित भएका त्यस्तो कार्यमा संलग्न समितिका सदस्य वा कर्मचारीले पाउने सुविधा रकमवाट जफत गर्न सकिने छ ।

**१२. उपदान पाउने** : (१) यो ऐन वमोजिम जम्मा भएको रकमवाट गोसाईकुण्ड गाउँपालिकामा कार्यरत स्थानीय तह र अन्य सेवा तर्फका स्थायी कर्मचारीले अवकाश प्राप्त गर्दा कोषवाट प्रदान गरिने छ ।

(२) उपदफा (१) वमोजिम पाउने उपदान देहाय वमोजिम उपलव्ध गराईने छ ,

(क) स्थायी कर्मचारीहरुले नियुक्ति हुदाको बखतको ऐन, नियमावलीले तोके बमोजिमको सेवा सुविधा उपलब्ध गराइनेछ ।

**१३. जुनसुकै शीर्षकवाट भुक्तानी हुने :** स्थायी कर्मचारी अवकाश हुँदा वा अन्य कारणले कर्मचारीलाई रकम उपलव्ध गराउनु पर्ने अवस्थमा कोषमा रकमको अभाव वा कमी भएमा अन्य जुनसुकै शीर्षकवाट कर्मचारी कल्याण कोषमा वजेट रकमान्तर गरी भुक्तानी गरिने छ ।

## परिच्छेद ४

## कोषको संचालन, लेखा तथा लेखापरीक्षण

**१५ कोष खाता :** गोसाईकुण्ड गाउँ कार्यपालिकाले कर्मचारी कल्याण कोषका लागि अलग्गै विशेष बचत खाता नेपाल सरकारवाट मान्यता प्राप्त वैकंमा खोल्ने छ ।

**१६. खाता संचालन** (१) कोषको आर्थिक कारोवारका लागि वैकं खाताको संचालन प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत स्तरको कर्मचारी र लेखा शाखा प्रमुखको संयक्त दस्तखतवाट हुनेछ ।

**१७. कोषको आय व्ययको लेखा तथा सोको सार्वजनीकरण :** (१) कोषको आय व्ययको लेखा प्रचलित कानुन बमोजिम राखिने छ

(२) कोषले कार्यपालिकाले तोके वमोजिम आन्तरिक नियन्त्रण प्रणाली कायम गर्नु पर्नेछ ।

(३) आर्थिक वर्ष समाप्त भएको ३ महिना भित्र वार्षिक आय व्ययको विवरण समेत खुल्ने गरी वार्षिक प्रतिवेदन तयार गरी कार्यपालिका मार्फत गोसाईकुण्ड गाउँ कार्यपालिका सभा समक्ष पेश गर्नु पर्नेछ ।

**१८. लेखापरीक्षक :** (१) कोषको आन्तरिक लेखा परीक्षण गोसाईकुण्ड गाउँ कार्यपालकाको आन्तरिक लेखा परीक्षण शाखा वा प्रदेश कानुनले तोके वमोजिम हुनेछ ।

(२) कोषको अन्तिम लेखापरीक्षण महालेखा परीक्षकको कार्यालयवाट हुनेछ ।

(३) लेखापरीक्षण प्रतिवेदन कार्यपालिका मार्फत गोसाईकुण्ड गाउँ कार्यपालिको सभामा पेश गर्नु पर्नेछ ।

**१९. रकम फ्रिज नहुने :** (१) दफा ३ को उपदफा (२) वमोजिम कोषमा जम्मा भएको रकम मध्ये आंशिक वा पुरै रकम कुनै आर्थिक वर्षमा खर्च नभई वांकी रहेमा त्यस्तो रकम फ्रिज नभई कोष मै रहनेछ ।

## परिच्छेद ५

### विविध

**२०. निर्देशन दिन सक्ने :** कोष संचालन सम्वन्धी विषयमा कार्यपालिका वा गाउंपालिका सभाले समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यसरी दिएको निर्देशन पालन गर्नु समितिको कर्तव्य हुनेछ ।

**२१.सहयोगका लागि आव्हान गर्न सक्ने** :कुनै कारणले कर्मचारी कल्याण कोषमा रकम अभाव भई भुक्तानी गर्न समस्या उत्पन्न भएमा गाउँपालिकाले प्रदेश तथा केन्द्र सरकार समक्ष सहयोगका लागि आव्हान गर्न सक्नेछ ।

**२२. दायित्व सर्ने :** यो ऐन प्रारम्भ हुनु भन्दा अघि सिर्जना भएका गाउँपालिका कर्मचारी कल्याण कोषसँग सम्वन्धित हक तथा दायित्व यस ऐन वमोजिम कोषमा सर्नेछ ।

२३.**बचाउः** यो ऐन प्रारम्भ हुनु भन्दा अघि गाउँपालिकाको कर्मचारी कल्याण कोषको नाममा भए गरेका सर्म्पूण कार्यहरु यसै ऐन वमोजिम भए गरेको मानिनेछ । स्थायी प्रकृतिका कर्मचारी कल्याण कोषको हकमा संघीय वा प्रदेश कानून नवन्दासम्म यसै ऐनमा व्यवस्था भए वमोजिम गरिनेछ ।

आज्ञाले
दुतेन्द्र चाम्लिङ
प्रमुख प्रशासकीय अधिकृत